## प्रश्न नं. ७०

## त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः

**(कक्षा रोल्नं.८४१८ देखि ८५३९ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

देवनारायण यादवको जाहेरीले नेपाल सरकार

बिरुद्ध

सप्तरी जिल्ला फर्सेट गाउँपालिका वडा नं. १ बस्ने बेचु भन्ने परमेश्वर यादव

मुद्दाः-ज्यान सम्वन्धी कसूर

१) २०३६ सालमा जातीय रीत अनुसार बेचु भन्ने परमेश्वर यादवसँग विवाह गरी दिएकी मेरी बहिनी मीनादेवी यादवलाई मिति २०७६।०८।६ गते राति अन्दाजी ४.०० बजे निजको श्रीमान् परमेश्वर यादवसमेतले कुटपिट गरी मारी राम दिहल यादव, बद्री यादव समेतले मिली दानर नदीमा लगी जलाउन लागेको हुँदा कारवाही गरिपाउँ भन्ने देवनारायण यादवको जाहेरी दरखास्त ।

२) दानर खोल्सीको डिलमा अन्दाजी ४।५ फिट गोलाईका आँपका काठ दाउराहरूको चिता बनाई चितामाथि उत्तर शिर,दक्षिण खुट्टा बनाई घोप्टो स्थितिमा परमेश्वर यादवकी श्रीमती मीनादेवीको सेतो कपडाले ढाकेको अवस्थामा लास रही नजिकमा माटोको गाग्री लास बोक्ने बनाएको बाँसको फर्कि रहेको, अन्दाजी ५ फिट पूर्व उत्तर पट्टी मटितेल सहितको सिसी, कात्रो कपडा, तोरी, धूप आदि थियो । जलाउन तयारी हालतमा रहेको लास ढाकेको कपडा हटाई हेर्दा निज मीनादेवी यादवको लास निर्वस्त्र अवस्थामा रही मुखबाट रगत बगेको, बाँया अनुहारमा निलो डाम जस्तो देखिएको, निधार सुन्निई टुटुल्को देखिएको, बायाँ गालासमेतमा नीलो डाम परेको, घाँटीमा वरिपरि डोरीले कसिएर काटिएको जस्तो डाम देखिएको, पिठ्युँको विभिन्न ठाउँमा रगत जस्तो देखिएको, दुबै खुट्टाको पिडुलामा डाम परेको, घा चोटहरू देखिएको घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्का ।

**३)** घटनास्थल भई घरभित्र हेर्दा सो कोठाभित्र परमेश्वर यादव र श्रीमती मीनादेवी यादव सुत्ने सरसामानहरू राख्ने ओछ्यान, बक्सा, घर भई उक्त घर भरखर लिपेको स्थितीमा रहेको खाटको ओछ्यानमा भएका लत्ता कपडाहरू छरपष्ट अवस्थामा देखिएको भन्नेसमेत सुरू घटनास्थल मुचुल्का

४) मीनादेवी यादवको मृत्यु कुटपीट एवं घाँटीमा कसे वा दबाएका कारण श्वास प्रश्वास अवरूद्ध भई मरेको पुष्टि भएको सम्बन्धमा सम्बन्धित चिकित्सकको रायसहितको मीनादेवी यादवको लास पोस्टमार्टम रिपोर्ट ।

५) श्रीमतीले घर नलिपेको कारण झगडा गरी मैले श्रीमती मीनादेवी यादवलाई सामान्य कुटपीट गरेको, झगडा गरी जथाभावी गाली गरेकाले सम्झाउन एक दुई थप्पड हिर्काउँदा निजले मलाई उल्टै कुटपीट गरेकीले तत्काल आवेशमा आई सो कोठाभित्र रहेको पहेलो रङ्गको प्लास्टिक डोरीले निज श्रीमतीको

## प्रश्न नं. ७०

घाँटीमा कसी केहीबेर दुबै साइडबाट जोडले तानेकोमा निजको मृत्यु भएकोले निजलाइ चितामा चढाई लास जलाउन लाग्दा तत्काल प्रहरी पुगी लास कब्जा गरेर मलगायतका मलामीहरू भागाभाग भएकोमा हाल पक्राउ परेको हुँ भन्नेसमेत प्रतिवादी बेचु भन्ने परमेश्वर यादवले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

६) अभियुक्त बेचु भन्ने परमेश्वर यादवले श्रीमती बीना भन्ने मीनादेवी यादवलाई पहिलेदेखि नै हेला होचो गरी कुटपीट गर्ने गरेको, वारदातको बिहान पनि घर लिपपोत नगरेको विषयमा कुटपीट गरेका,सबैले कुटपीट गरी डोरीले घाँटीमा कसी राति नै मीनादेवीलाई कर्तव्य गरी मारी बिहान विरामी परेको भन्दै अस्पताल लगेको बहाना बनाई आधा बाटोबाट फर्काई लासलाई छिटो भन्दा छिटो जलाउने प्रयत्न गरेको पुष्टि हुन आएकाले मुलुकी अपराध संहिता २०७४ कोदफा १७७ विपरीतको कसुर गरेकोमा दफा १७७(
२) बमोजिम सजाय गरी पाउ भन्ने व्यहोराको अभियोगपत्र

७) प्रतिवादी परमेश्वर यादवले अदालतमा गरेको इन्कारी बयान ।

८) सप्तरी जिल्ला अदालतको फैसला ।

९) परमेश्वर यादवले उच्च अदालत, राजविराजमा गरेको पुनरावेदन पत्र ।